# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएकोछ ।

२०५७ सालको ऐन नं. ९

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## सैनिक ऐन, २०१६ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना** : सैनिक ऐन, २०१६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सैनिक (चौथो संशोधन) ऐन, २०५७" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सैनिक ऐन, २०१६ को दफा ७९ र ८० मा संशोधन : सैनिक ऐन, २०१६ (यसपछि "मूल ऐन" भनिएको) को दफा ७९ को खण्ड (झ) र दफा ८० को खण्ड (झ) मा रहेका "आफ्ना विवाहिता वा ल्याइते स्वास्नी र तिनीहरुबाट जन्मेका" भन्ने शब्दहरुको सट्टा "आफ्नो पत्नी र" भन्ने शब्दहरु राखिएका छन् ।

३. मल ऐनमा दफा १६३क. थप : मूल ऐनको दफा १६३ पछि देहायको दफा १६३क. थपिएकोछ :-

"१६३क. कल्याणकारी कोषको स्थापना र संचालन : (१) शाही नेपाली सेनाका बहालवाला तथा भूतपूर्व व्यक्ति र निजहरुको परिवारको कल्याणको लागि कल्याणकारी कोषको स्थापना गर्न सकिनेछ ।

(२) शाही नेपाली सेनाका व्यक्तिले सेवा गरे बापत प्राप्त गर्ने सुविधा रकमवाट तोकिए बमोजिमको रकम कट्टा गरी उपदफा (१) बमोजिमको कल्याणकारी कोषमा जम्मा गरिनेछ ।

(३) उपदफा (२) बमोजिम कल्याणकारी कोषमा जम्मा भएको रकम शाही नेपाली सेनाका बहालवाला तथा भूतपूर्व व्यक्ति र निजहरुको परिवारको कल्याणको लागि तोकिए बमोजिम खर्च गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "परिवार" भन्नाले शाही नेपाली सेनाका भूतपूर्व तथा बहालवाला व्यक्तिले आफैले पालन पोषण गर्नु पर्ने पति वा पत्नी, छोरा, छोरी र आमा बाबु सम्झनु पर्छ।"

४. मूल ऐनको दफा १६५ मा संशोधन : मूल ऐनको दफा १६५ को उपदफा (२) को खण्ड (ढ) पछि देहायको खण्ड (ण) थपिएकोछ :-

"(ण) कल्याणकारी कोषको स्थापना र संचालन सम्बन्धी व्यवस्था गर्ने।"

लालमोहर सदर मितिः- २०५७।८।१४।४

आज्ञाले,

उदय नेपाली श्रेष्ठ

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।